आज मिति २०८२ असोज ०८ गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यू को अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

देहाय

| क्र.स. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११ | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उपप्रमुख | कोल्हवी ३ | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष (वडा नं. १) | कोल्हवी १ | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २ | |
| ५ | किसुनदयाल चौधरी | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३ | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४ | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५ | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं. ६) | कोल्हवी ६ | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७ | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८ | |
| ११ | दल वहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९ | |
| १२ | कुन्जबिहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १० | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११ | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९ | |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १० | |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३ | |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७ | |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५ | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १ | |
| २२ | पितानाथ लुइटेल | नगर सचिव (प्र.प्र.अ.) | कोल्हवी १ | |

CamScanner

प्रस्तावहरु:

१. आर्थिक सहायता सम्वन्धमा ।

२. करार कर्मचारीको म्याद थप गर्ने सम्वन्धमा ।

३. कर्मचारी पदपूर्ति गर्ने सम्वन्धमा ।

निर्णयहरु :

. प्रस्ताव नं १ माथि छलफल गर्दा : कोल्हवी नगरपालिका वडा नं. २ बस्ने चन्द्रावती चौधरी मिति २०८२।०६।०२ गते सर्पको टोकाइबाट प्राथमिक स्वास्थ्य केन्द्र, कोल्हवीमा उपचारको कममा सोही मितिमा मृत्यु भएको र सो पश्चात मृतकका आफन्त र जनताहरु आक्रोशित भई तोडफोड लगायतका कार्यमा लागे पश्चात मिति २०८२।०३।०३ गते नगर प्रमुख रामप्रसाद चौधरी ज्यूको अध्यक्षतामा बसेको सर्वदलिय बैठकबाट मृतकको परिवारलाई काजकिया खर्च बापत तत्काल ५००००.०० (पचास हजार) उपलब्ध गराउने तथा थप सहयोग कार्यपालिकाले तोके बमोजिम गर्ने भनि सहमति भए बमोजिम रु १५०००.०० (पन्ध्र हजार मात्र) थप गरी एकमुष्ठ रु ६५०००.०० (पैसठ्ठी हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

. प्रस्ताव नं २ माथि छलफल गर्दा : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस कार्यालयमा सेवा करारमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुको आ.व. २०८२/८३ को प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि स्वीकृत बजेटमा निजहरुको पारिश्रमिक कट्टा भई आएको हुदाँ निजहरुलाई नगरपालिकाको आन्तरिक श्रोतबाट पारिश्रमिक व्यहोर्ने गरी २०८२ श्रावण देखि नै सेवा करार सम्झौता म्याद थप गरी कामकाजमा लगाउने निर्णय गरियो ।

देहाय

१. श्री दिलिप साह — प्राविधिक सहायक

२. श्री श्रवण चौधरी — रोजगार सहायक

. प्रस्ताव नं ३ माथि छलफल गर्दा : कोल्हवी नगरपालिका स्वास्थ्य शाखा अन्तरगत रिक्त पदहरुमा कर्मचारी पदपूर्ति सम्वन्धी आवश्यक प्रकृया बढाउन प्रमुख प्रशासकीय अधीकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

CamScanner

आज मिति २०८२ असोज २३ गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यू को अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक वसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

देहाय

| क्र.स. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११ | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उप प्रमुख | कोल्हवी ३ | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष (वडा नं. १) | कोल्हवी १ | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २ | |
| ५ | किसुनदयाल चौधरी | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३ | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४ | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५ | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं. ६) | कोल्हवी ६ | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७ | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८ | |
| ११ | दल वहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९ | |
| १२ | कुन्जविहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १० | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११ | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९ | |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १० | |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३ | |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७ | |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५ | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १ | |
| २२ | सुरेन्द्र प्रसाद चौधरी | नि.नगर सचिव (प्र.प्र.अ.) | कोल्हवी १ | |

CamScanner

प्रस्तावहरु:

१. प्रदेश लोक सेवा आयोगमा कर्मचारी माँग आकृति फारम पठाउने सम्बन्धमा ।

२. WASH FIT कार्यक्रमका लागि पालिकाको सह लगानी सम्वन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं १ माथि छलफल गर्दा : प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको च.न. ३४४, मिति २०८२।०५।१९ को प्राप्त पत्रानुसार स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा (१) दफा ११ र दफा १२ बमोजिम यस नगरपालिका अन्तरगत स्वीकृत दरबन्दीमा रिक्त रहेका पदहरुमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगबाट तोकिए बमोजिमको ढाँचामा माँग आकृति फारम तयार गरि पठाउने सर्वसहमतिबाट निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा : कोल्हवी नगरपालिका अन्तरगत प्राथमिक स्वास्थ्य केन्द्र, कोल्हबी र रामपूर्वा स्वास्थ्य चौकी (बर्थिङ्ग सेन्टर), बटौलियामा युनिसेफ नेपाल र छायाँ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सम्पन्न हुने WASH FIT कार्यक्रममा नपुग बजेट कोल्हवी नगरपालिकाले सह लगानी गर्ने निर्णय गरियो ।

CamScanner